घ) यूवा क्लबहरुसँग भएको सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्दा स्थलगत सहजीकरण सम्बन्धित शाखा वडा कार्यालय र नगरपालिकाबाट समेत आवश्यकता अनुसार हुनेछ ।

४. कार्यक्रम कार्यान्वयन तथा सहजिकरण समिति : (१) यूवा क्लबबाट प्राप्त प्रस्ताव मूल्याकंन गरी प्राथमिकताक्रम निर्धारणको लागि देहायको समिति रहेनछ ।

| | |
|---|---|
| क) नगर प्रमुख : | संयोजक |
| ख) नगर उपप्रमुख : | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| घ) सामाजिक समितिको संयोजक : | सदस्य |
| ङ) सम्बन्धित शाखा प्रमुख : | सदस्य सचिव |

२) समितिमा आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

४) समितिको बैठक सम्बन्धित कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. प्रस्ताव छनौटको आधारहरु :**

१) यूवा क्लबहरुबाट प्राप्त प्रस्तावनाहरुको मूल्याकंन गरी प्राथमिकताक्रम निर्धारण गर्दा देहायका आधारमा गरिनेछ ।



**रोल्पा नगरपालिका**

# नगरकार्यपालिकाको कार्यालय

**लिबाङ, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड : १** **संख्या : १** **मिति : २०७८/०९/११**

## रोल्पा नगरपालिकासँग स्थानीय युवा क्लब साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८

**प्रस्तावना :**

प्रस्तावना : राष्ट्रिय यूवा नीति, २०७२ ले परिलक्षित गरे बमोजिमका रणनीतिहरुको कार्यान्वयन तथा यूथ भिजन २०२५ उल्लेखित प्राथमिकताका क्षेत्रहरुको आधारमा रोल्पा नगरपालिकाबाट आ.ब. २०७८/०७९ मा स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय युवा क्लबहरुसँगको साझेदारीमा युवा लक्षित कार्यक्रम सञ्चालन गरी युवा

विकासको क्षेत्रमा स्थानीय सरकार र युवाहरुको साझेदारी गर्दै सहकार्यको संस्कृतिको विकास गर्ने उद्देश्यका साथ आएको यो कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले कार्यपालिकाको मिति २०७८/०९/२३ को बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"स्थानीय यूवा क्लब साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८"** रहेको छ ।

२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) **"नगरपालिका"** भन्नाले रोल्पा नगरपालिकालाई सम्झनुपर्नेछ ।

ख) **"युवा"** भन्नाले १६ देखि ४० बर्ष उमेर समूहका व्यक्ति सम्झनुपर्नेछ ।

ग) **"कार्यक्रम"** भन्नाले १६ देखि ४० बर्ष उमेर समूहका युवाहरुलाई यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

घ) **"यूवा क्लव"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सक्रिय रहेका युवाहरुको संस्था भन्ने सम्झनुपदर्छ ।

ङ) **"युवा लक्षित कार्यक्रम"** भन्नाले युवाहरुको लागि सञ्चालित अनुसूचिमा उल्लेखित कार्यक्रम सम्झनुपर्नेछ ।

च) **"साझेदारी"** भन्नाले रोल्पा नगरपालिका र युवा क्लबका बीचमा भएको वित्तीय तथा कार्यक्रमिक सहकार्य भन्ने सम्झनुपर्दछ । यस



कार्यका लागि तोकिएको शर्तको अधिनमा रही अन्य संघ सस्थाहरुको समेत सयुक्त साझेदारी रहन सक्नेछ ।

छ) **"शाखा"** भन्नाले यूवासँग कार्य गर्ने नगरपालिको विषयगत शाखा सम्झनुपर्दछ । हाल यसले शिक्षा यूवा तथा खेलकुद शाखालाई बुझाउनेछ ।

**३. कार्यक्रम कार्यान्वय पक्रिया :**

**१.यो कार्यक्रम कार्यान्वयनको क्रममा देहाय बमोजिमका प्रक्रिया अपनाइनेछ :**

क) स्थानीय यूवा क्लबहरुबाट यूवा लक्षित कार्यक्रम सञ्चालनको लागि कार्यक्रमको खाका कार्ययोजना तथा सो कार्यक्रमको लागि आवश्यक स्रोतको योजनाको विस्तृत खाका सहितको प्रस्ताव आह्वान गरिनेछ ।

ख) तोकिएको समयमा प्राप्त प्रस्तावनहरु मध्ये औचित्य र उपर्युत्तताको आधारमा दफा ५ बमोजिम गठित समितिले दफा ६ मा उल्लेख भएका आधारहरुमा प्रस्तावहरुको मूल्याकंन गरी प्राथमिकताको सूची प्रकाशन गर्नेछ ।

ग) प्राथमिकतामा परेका स्थानीय कलबहरुसँग प्राथमिकता क्रमको आधारमा सम्झौता गरी रकम उपलब्ध गराईनेछ ।

क) यूवाहरुको विकासका लागि सहयोग पुग्ने ठोस कार्ययोजना सहितको प्रस्ताव ५० अङ्क

ख) कार्यक्रममा युवा क्लबको साझेदारीको प्रतिशत १० अङ्क

ग) विगतको कार्यसम्पादनको अवस्था र क्रियाशिलता १० अङ्क

घ) कार्यक्रमको प्राथमिकता र विशेष प्राथमिकता समूहमा पार्ने प्रभाव १० अङ्क

ङ) नवीनता, प्रवर्तनात्मकता र सिर्जनशिलता १० अङ्क

च) दिगो विकास लक्ष र यूथ भिजनको लक्ष प्राप्तमा पुग्ने योगदान १० अङ्क

**दष्टव्य : दफा ५ (१) को खण्ड ख को प्रयोजनको लागि नगरपालिकाबाट प्रदान गरिने रकमको ५० प्रतिशत वा सो भन्दा बढी साझेदारी भएमा १० अङ्क, ५० प्रतिशत भन्दा कमि भएमा ५ अङ्क र साझेदारी नभएमा ० अङ्क प्रदान गरिनेछ ।**

२) दफा ५(१) बमोजिमका आधारमा मूल्याकंन गर्दा न्यूनतम ४० अङ्क प्राप्त नगर्ने कलवहरुलाई प्राथमिकताको सूचीमा समावेश गरिने छैन ।

६. यो बर्षका लागि कुल विनियोजन रु २५ लाखलाई नीति तथा कार्यक्रम बमोजिम प्रति कलब रु ५० हजारका दरले बजेट उपलब्ध गराईनेछ ।

१) वडाबाट समेत युवा क्लबको कार्यक्रमको प्रस्तावना सिफारिस आवश्यक पर्नेछ । तोकिएक भन्दा धेरै प्रस्ताव आएमा उक्त प्रस्ताव

मध्ये सबैभन्दा उत्कृष्ट प्रस्तावलाई प्राथमिकताको सूचिमा राखी पठाउनुपर्नेछ ।

७. प्रतिवेदन तथा खर्चका बिल भपाईहरु नगरपालिकामा पेश गर्नुपर्ने : यो कार्यक्रममा सहभागी यूवा क्लबहरुले कार्यक्रमको समाप्ती पछि प्रतिवेदन तथा बिल भपाईहरु नगरपालिकामा पेश गरी फरफारक गराउनुपर्नेछ । क्लबको प्रचलित प्रणाली बमोजिम लेखापरिक्षण र हिसावकिताव राख्न बाधा पर्नेछैन ।

८. युवा क्लबहरुले प्रस्ताव पेश गर्दा नविकरण प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र प्रगति विवरण पेश गर्नुपर्नेछ ।

९. कार्यविधिमा मर्म अनुसार आवश्यकताअनुसार संशोधन गर्ने र बाधा अड्काउ फुकाउने कार्य नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची : १

यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा सञ्चालन गर्न सकिने यूवा लक्षित कार्यक्रमहरुको सूची

क) जनचेतना मूलक कार्यक्रम

ख ) सार्वजनिक स्थलहरुको सरसफाई

ग) सार्वजनिक स्थलहरुको मर्मत सम्भार

घ) रक्तदान

ङ) कुनै विशेष अभियान सञ्चालन



च) यूवाहरुको लागि खेलकुद तथा मनोरञ्जन सम्बन्धि कार्यक्रम

छ) यूवा उत्प्रेरणामूलक कार्यक्रम

ज) यूवा सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रम

झ) यूवाका विषयमा गोष्ठी छलफल तथा अन्तरक्रिया

ञ) सूचनाको हक र सुशासन सम्बन्धि कार्यक्रमहरु

ट) शैक्षिक उन्नयन सम्बन्धि कार्यक्रमहरु

ठ) वातावरण संरक्षण सम्बन्धि कार्यक्रमहरु

ड) सडक यूवा तथा अपाङ्ग यूवाहरु सम्बन्धी कार्यक्रम

ढ) विशेष अभियानमा यूवा परिचालन

ण) सामाजिक कुरीति र कु-प्रथा विरुद्धका कार्यक्रमहरु

त) अन्य यूवा मैत्री तथा नवप्रवर्तनात्क कार्यक्रमहरु

**आज्ञाले**

**महेन्द्र पराजुली**

**प्रमुख प्रशासकीय अधिकृत**

रोल्या नगरपालिकाद्वारा प्रकाशित मूल्य रु. २०/-